


Vol. 45, No. 3 Mangsir-Poush (2082) December-January (2025/26)

## इन्जिन मर्मत् र जडानपछि न्यारोबडी 9N-AKX नियमित उडानमा



निगमको न्यारोवडी 9N-AKX जहाज नियमित उडान तालिकामा फर्केको छ । निगमको न्यारोबडी A320 जहाजको इन्जिन मर्मतका क्रममा विविध कारणले गर्दा लामो समयदेखि इजरायलस्थित Israel Aerospace Industry (IAI) मा रहेको र इन्जिन मर्मत् तथा भाडा खर्चसम्बन्धी विषयमा निगम र Israel Aerospace Industry (IAI) बिच मौजुदा रहेको Maintenance with lease support सम्झौताको आधारमा वार्ताको माध्यमबाट समझदारी (MOU) सम्पन्न गरी इन्जिन जडान तथा प्राविधिक प्रक्रिया सम्पन्न भई १९ जनवरी २०२६ मा इजरायलको Tel aviv-Dubai हुँदै Dubai-Kathmandu नियमित उडानमार्फत् काठमाडौं आइपुगेको थियो । निगमका कार्यकारी सञ्चालक अमृतमान श्रेष्ठ र निगम उच्च व्यवस्थापनको निरन्तर प्रयासस्वरूप विगत लामो समयदेखि विवादमा रहेको विषय टुङ्गिएको र १२ महिनाको इन्जिन भाडा र इन्जिन जडानबापतको खर्च रकम मिनाहा भई क्षतिपूर्तिस्वरूप निगमले प्राप्त गरी आफ्नै इन्जिन जडान भई काठमाडौं फर्किएसँगै चारवटै जहाजबाट नियमित उडान भइरहेको छ ।

## सञ्चय कोष र नागरिक लगानी कोषसँग निगमको छलफल

निगमले आफ्नो दीर्घकालीन ऋण व्यवस्थापन र दायित्व स्पष्टीकरणका विषयमा सञ्चय कोष र नागरिक लगानी कोषका उच्च अधिकारीहरूसँग छलफल सुरु गरेको छ । पछिल्लो समय ऋणको आकार बढ्दै गएको अवस्थालाई व्यवस्थापनका लागि स्पष्ट योजना तयार गर्न निगमले मङसिर दोस्रो हप्तादेखि छलफल सुरु गरेको हो । दुवै पक्षबीच लामो समयदेखिको संवादहीनतालाई तोड्दै निगमका उच्च पदाधिकारीहरूको टोली र दुवै कोषका उच्च अधिकारीहरू छलफलमा सहभागी हुनुभएको हो ।

बाँकी पृष्ठ ४ मा

## निगम र पर्यटन बोर्डबिच सम्झौतापत्रमा हस्ताक्षर



नेपाल वायुसेवा निगम र नेपाल पर्यटन बोर्डबिच मिति २०८२ मङ्सिर १६ गते पर्यटन प्रवर्द्धन तथा हवाई सेवामा सहकार्यसम्बन्धी महत्त्वपूर्ण सम्झौतापत्रमा हस्ताक्षर भएको छ । सम्झौतापत्रमा निगमका तर्फबाट कार्यकारी सञ्चालक अमृतमान श्रेष्ठ र नेपाल पर्यटन बोर्डका तर्फबाट प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले हस्ताक्षर गर्नुभएको छ । निगमको केन्द्रीय कार्यालय, न्युरोडमा दुवै संस्थाका उच्च अधिकारीहरूको उपस्थितिमा सम्झौता सम्पन्न भएको हो । यस अवसरमा दुवै पक्षबाट पर्यटन र हवाई सेवालाई राष्ट्रिय विकासको महत्त्वपूर्ण आधार मान्दै सहकार्यलाई दीर्घकालीन रुपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरिएको छ ।

सम्झौतामा नेपाल वायुसेवा निगम र पर्यटन बोर्डले एक-आपसमा आ-आफ्नो क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा सहकार्य गर्ने प्रावधान राखिएको छ ।

बाँकी पृष्ठ ४ मा

# सम्पादकीय

मुलुक अहिले नयाँ परिस्थितिमा छ । जेन्जी आन्दोलनपछि सबै क्षेत्रमा परिवर्तनको अपेक्षा गरिएको छ । त्यही अपेक्षाअनुरूप निगमको पनि जिम्मेवारी बढेको छ । सीमित साधन र स्रोतका बाबजुद पनि हवाई यातायातलाई सुरक्षित, सुलभ, र भरपर्दो बनाउन नियमितरूपमा गर्नुपर्ने कामहरू निगमले गरिरहेको छ । तत्काल गर्नुपर्ने सुधारका कामहरुमा नतिजा देखिन थालिसकेको छ भने दीर्घकालीन महत्त्व राख्ने कामहरूको नतिजा दीर्घकालीन रुपमा आउने गरी कार्य गरिरहेको छ । राष्ट्रिय ध्वजावाहक संस्थाको सशक्तीकरणले राज्यकै गरिमा बढाउने र अन्तर्राष्ट्रिय जगतमा देशको छवि उच्च रहने भएकाले निगममा पर्याप्त मात्रामा जहाजको सङ्ख्या हुनुको विकल्प नै छैन ।

निगम र नेपाल पर्यटन बोर्डबिच भर्खरै सम्झौता (MOU) सम्पन्न भएको छ । यस सम्झौताले नेपाल पर्यटन बोर्ड र राष्ट्रिय ध्वजावाहकबीचको सम्बन्ध र सहकार्यलाई उजागर गरेको छ । ब्रान्ड प्रमोशन, सहकार्य र अन्तर्राष्ट्रिय बजारमा संयुक्त उपस्थिति जस्ता विषयलाई व्यवहारमा उतार्न सकिएमात्र यसको अर्थ रहन्छ । पर्यटन प्रवर्द्धनका लागि नियमित उडान, भरपर्दो सेवा र प्रतिस्पर्धी बजारले ठुलो भूमिका खेलेको हुन्छ । यसका लागि निगममा जहाजको सङ्ख्या बढाउन नेपाल सरकार लगायत सम्बद्ध निकायको पनि ध्यान केन्द्रित हुन जरुरी छ ।

नेपाल वायुसेवा निगमले आफ्नो दीर्घकालीन ऋण व्यवस्थापन र दायित्व स्पष्टीकरणका विषयमा सञ्चय कोष र नागरिक लगानी कोषसँग छलफल सुरु गरेको छ । पछिल्लो समय ऋणको आकार बढ्दै गएको अवस्थालाई व्यवस्थापनका लागि स्पष्ट योजना तयार गर्न निगमले छलफल सुरु गरेको हो । त्यस्तै नेपाल वायुसेवा निगमको वाइडबडी जहाजको इन्जिन नियमित Repair/overhaul गर्नका लागि अन्तर्राष्ट्रिय बोलपत्रद्वारा इन्जिन Repair/overhaul गर्ने MRO छनौट गर्ने सम्बन्धी बोलपत्र तयार गर्न सात सदस्यीय उपसमिति गठन गरिएको र उक्त समितिले बोलपत्र तयार तथा आव्हान गर्ने प्रक्रिया अन्तिम चरणमा पुर्‍याएको छ । यो सँगै निगमभित्र केही सुधारका सङ्केतहरू स्पष्ट देखिन थालेका छन् ।

लामो समयदेखि मर्मतका लागि इजरायल पठाईएको इन्जिन सम्बन्धी लामो विवाद टुङ्गिएको छ । निगमको वर्तमान व्यवस्थापनको निरन्तर प्रयासस्वरूप इन्जिन मर्मत भई निगमको एयरबस ३२० मा जडान भएर आइसकेकोले आफ्नो इन्जिन आफ्नै जहाजमा राखेर उडाइने निश्चितता हुनु पनि एउटा उपलब्धिका रुपमा रहेको छ । निगममा यस्तो अवस्था फेरि नआओस् भन्नका लागि प्रणालीगत सुधारको खाँचो अवश्य छ र भविष्यमा यस्तो स्थिति नदोहोरिन व्यवस्थापन सचेत हुनु आजको आवश्यकता हो ।

राष्ट्रिय ध्वजावाहक हाम्रो राष्ट्रिय भावना र पहिचानको वाहक पनि हो । त्यसैले राष्ट्रिय भावना र पहिचानसँग जोडिएको यस संस्थालाई सबल र सक्षम बनाउन तपाईंहरुको रचनात्मक सुझाव र सल्लाहको हामी सदैव अपेक्षा गर्दछौं । यहाँहरूको यात्रा सधैं सहज, सुखद र स्मरणीय भइरहोस् भन्ने कामना गर्दछौं ।

## तस्विर कर्नर




नेपालका योग साधक विजय शाहीले योगको Upward Lotus Pose मा सबैभन्दा लामो समयसम्म स्थिर रहँदै नयाँ विश्व कीर्तिमान कायम गरेर फर्किएपछि निगमको दिल्ली स्टेसनले सम्मान गर्दै ।

## सम्पादक मण्डल


| | | |
|---|---|---|
| प्रधान सम्पादक | : | अर्चना खड्का |
| कार्यकारी सम्पादक | : | ज्ञानबहादुर अर्याल |
| सम्पादक | : | कल्पना काफ्ले |
| | : | पूजा अधिकारी |
| | : | नितु थापा |
| विभागीय प्रतिनिधिहरू | : | गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स<br>नुमानन्द गौतम, यात्रुसेवा<br>छायाँ गुरूङ, आन्तरिक लेखा परीक्षण<br>प्रकाश अधिकारी, ग्राउण्ड सपोर्ट<br>प्रभा पोखरेल, मानव संशाधन<br>उदय खत्री, कन्टिन्यूइङ्ग एयर वर्दिनेश मेनेजमेन्ट<br>रञ्जना पोखरेल, बजार व्यवस्थापन<br>दामोदर भट्टराई, सा. से. तथा सं. व्यवस्थापन<br>राजन घिमिरे, अर्थ<br>राजकुमारी के.सी., अपरेशन्स<br>सञ्जय कुमार देव, क्वालिटी एस्योरेन्स |


| | | |
|---|---|---|
| प्रकाशक | : | बाह्य, जनसम्पर्क तथा प्रचार प्रसार<br>महाशाखा संस्थागत विभाग<br>नेपाल वायुसेवा निगम<br>www.nepalairlines.com.np |
| फोटो सल्लाहकार | : | हरि गोपाल प्रधान |

# चाइना इन्टरनेशनल ट्राभल मार्ट २०२५ मा निगमको सहभागिता




नेपाल वायुसेवा निगमले चीनको हाइनान प्रान्तको हाइकौमा सम्पन्न चाइना इन्टरनेशनल ट्राभल मार्ट (CITM) २०२५ मा सक्रीय सहभागिता जनाउँदै चिनियाँ पर्यटन बजारमा आफ्नो उपस्थिति थप सुदृढ गरेको छ। सन् २०२५ डिसेम्बर १९ देखि २१ तारिख सम्म आयोजित उक्त कार्यक्रममा नेपाल पर्यटन बोर्ड (NTB) सँग सहकार्य गर्दै निगमले प्रवर्द्धनात्मक गतिविधि सञ्चालन गरेको थियो। उक्त मार्टमा निगमका तर्फबाट बजार व्यवस्थापन विभागका वरिष्ठ अधिकृत प्रसान्त कुमार वि.क. र कर्पोरेट विभागका अधिकृत राजा बाबु सिंहले सहभागिता जनाउनुभएको थियो। कार्यक्रममा निगमले बुथ स्टल नं. 1B06 बाट आफ्नो उडान सेवा तालिका तथा काठमाडौं–ग्वान्जाओ–काठमाडौं उडान सम्बन्धी जानकारी प्रदान गरेको थियो।

कार्यक्रमका क्रममा B2B बैठक, अन्तरक्रिया तथा ग्वान्जाओस्थित महावाणिज्य दूतावासले आयोजना गरेको रात्रिभोजका क्रममा पनि पर्यटन व्यवसायीहरुसँग छलफल गरिएको थियो। अनौपचारिक छलफलका क्रममा महावाणिज्यदूत भरत खनालले यात्रुको चापलाई मध्यनजर गर्दै निगमले काठमाडौं–ग्वान्जाओ–काठमाडौं उडानलाई निरन्तरता दिनु लाभदायक हुने धारणा व्यक्त गर्नु भएको थियो। यसका लागि आफूले सक्दो सहयोग गर्ने कुरा महावाणिज्यदूत खनालले व्यक्त गर्नु भएको थियो। कार्यक्रममा अन्तर्राष्ट्रिय एयरलाइन्स, ट्राभल ऐजेन्सी तथा पर्यटन सम्बद्ध सरोकारवालाहरुको उल्लेखनीय सहभागिता रहेको थियो। समग्रमा CITM, 2025 मा निगमको सहभागिताले चीनमा निगमको जनसम्पर्क, प्रचार प्रसार र व्यावसायिक सम्भावना उल्लेखनीय रुपमा बढाएको छ।

# श्रमिक यात्रुहरूलाई टिकटमा विशेष छुट




नेपाल वायुसेवा निगमले काठमाडौंबाट रोजगारीका लागि दमाम, दोहा, दुबई तथा क्वालालाम्पुर गन्तव्यतर्फ जाने नेपाली श्रमिक यात्रुहरूका लागि विशेष छुटसहित नयाँ भाडादर योजना लागु गरेको छ। श्रमिक यात्रुहरुको सर्वसुलभताका लागि नेपालबाट तोकिएको गन्तव्यमा यात्रा गर्दा प्रत्येक उडानमा दशवटा सिटमा साविकको भाडामा १० प्रतिशत विषेष सहुलियत दिने निर्णय गरेको छ। २७ नोभेम्बरदेखि २०२५ देखि २८ मार्च २०२६ सम्म यो व्यवस्था लागु हुने गरी निर्णय भएको हो। यस्तो भाडादर श्रम मुलुकमा यात्रा गर्ने यात्रुले आवश्यक कागजातसहित निगमको नेपालस्थित कार्यालयहरूका टिकट काउन्टरबाट प्राप्त गर्ने व्यवस्था मिलाइएको छ। यस्तो सुविधा first come first basis मा प्राप्त गर्न सकिनेछ।


## अर्बुद रोगका बिरामीलाई निगमको सहयोग

नेपाल वायुसेवा निगमले आफ्नो हवाइसेवा मार्फत क्यान्सर रोगको उपचारको लागि काठमाडौं दिल्ली काठमाडौं आवत जावत गर्ने अर्बुद रोगका बिरामी र बिरामीको कुरुवालाई टिकट उपलब्ध गराउँदै आएको छ। Cancer Relief Society को सिफारिसमा नेपाल वायुसेवा निगमले क्यान्सर बिरामीलाई प्रथम दोस्रो र तेस्रो चरणमा गरेर क्रमशः १००, ५० र २५ प्रतिशत छुटमा टिकट उपलब्ध गराउँदै आएको छ।

यसै अन्तर्गत नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यालयको अन्तर्राष्ट्रिय बिक्री कक्षबाट प्राप्त जानकारी अनुसार उक्त टिकट २०८२ को कार्तिक महिनामा ५७ जना विरामी, ५१ जना विरामीका कुरुवाले र मंसिर महिनामा ५४ जना विरामी र ४९ जना विरामीका कुरुवाले छुटको सुविधा लिएका थिए।

## निगमद्वारा पौष मसान्तसम्मको जहाजको ऋण भुक्तानी

निगमले अन्तर्राष्ट्रिय उडानका लागि खरिद गरिएका दुई न्यारोबडी र दुई वाइडबडी जहाजको लागि कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट लिएको ऋण दायित्वमध्ये दुई न्यारोबडी जहाजको २०८२ पौष मसान्तसम्मको किस्ताबापत पूरा र दुई वाईडबडी जहाजको आंशिक गरी मिति २०८२ को पौष मसान्तमा जम्मा रु. ५३०,९५५,२८१.४४ (अक्षरेपी त्रिपन्न करोड नौ लाख पचपन्न हजार दुई सय एकासी रुपैया चौवालिस पैसा मात्र) रकम भुक्तानी गरेको छ।




Tuffman Global 90 K.M Delhi मा आयोजना भएको दौड प्रतियोगिताअन्तर्गत आफ्नो उमेर समूहमा निगमको इन्जिनियरिङ्ग विभागका कर्मचारी विक्रम महर्जन प्रथम।

# एफ ओडी सचेतना अभियान सम्पन्न

नेपाल वायुसेवा निगम (NAC), एयरलाइन्स अपरेटर समिति (AOC) तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको संयुक्त आयोजनामा २२ डिसेम्बर २०२५ मा Foreign Object Debris (FOD) सचेतना अभियान सम्पन्न भएको छ ।

कार्यक्रममा निगमको ग्राउण्ड सपोर्ट विभाग, यात्रु सेवा विभाग, इन्जिनियरिङ तथा मर्मत–सम्भार विभाग, विभिन्न वायुसेवा सञ्चालक, एजेन्सीहरू, सुरक्षा निकाय तथा विमानस्थलसँग सम्बन्धी अन्य सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो । यसले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (TIA) मा र्‍याम्प सुरक्षा सुदृढ गर्ने साझा प्रतिबद्धतालाई उजागर गरेको छ ।

अभियानको सुरुवात संरचित एफओडी वाक (FOD Walk) मार्फत गरिएको थियो । यस क्रममा नेपाल वायुसेवा निगम, अन्य वायुसेवा कम्पनीहरू तथा विमान सेवा प्रदायक संस्थाका कर्मचारीहरूले तोकिएका एयरसाइड क्षेत्रहरूको व्यवस्थित रुपमा निरीक्षण गरेका थिए । सहभागीहरूले उच्च दृश्यात्मक र्‍याम्प ज्याकेट (High Visibility Ramp Jacket) तथा आवश्यक व्यक्तिगत सुरक्षा उपकरण (PPE) प्रयोग गरी सम्भावित जोखिमयुक्त वस्तुहरूको पहिचान र हटाउने कार्य गरेका थिए, जसले जोखिम न्यूनीकरणप्रति संस्थागत सक्रियता झल्काएको थियो ।

कार्यक्रमको समापनमा आयोजित र्‍याम्प सुरक्षा सचेतना सत्रमा नेपाल वायुसेवा निगमका कर्पोरेट सेफ्टी म्यानेजर विकाश थापाले एफओडीसम्बन्धी घटनाहरू रोक्न निरन्तर सतर्कता आवश्यक रहेको उल्लेख गर्दै र्‍याम्प सुरक्षा सबै एयरसाइड सरोकारवालाहरूको साझा जिम्मेवारी भएको धारणा व्यक्त गर्नुभयो ।




कार्यक्रमको अन्त्यमा AOC नेपालका प्रमुख अजित श्रेष्ठले नेपाल वायुसेवा निगम, AOC नेपाल, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय तथा यस महत्त्वपूर्ण अभियानको सफलतामा योगदान पुर्‍याउने सम्पूर्ण सहभागी सरोकारवालाहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो ।

यस संयुक्त पहलले वायुसेवा कम्पनीहरू र विमानस्थल प्राधिकरणबिचको उत्कृष्ट सहकार्यलाई उजागर गर्दै अन्तर्राष्ट्रिय उड्डयन सुरक्षा मापदण्डअनुसार सुरक्षित र प्रभावकारी एयरसाइड वातावरणप्रति उनीहरूको प्रतिबद्धतालाई पुनः पुष्टि गरेको छ ।

# “सकारात्मक सोच तथा तनाव व्यवस्थापन” तालिम




नेपाल योग इन्स्टिच्युट एण्ड रिट्रिट प्रा.लि.द्वारा २०८२ पुस १८ र १९ गते नागरकोटमा आयोजना गरिएको “Positive Attitude and Stress Management” सम्बन्धी दुई दिने आवासीय तालिममा निगमका कर्मचारीहरूले तालिममा सहभागिता जनाएका छन् । उक्त तालिममा निगमका पाँच जना कर्मचारी सहभागी भएका थिए । सहभागी हुनेमा वरिष्ठ अधिकृत कल्पना काफ्ले र सरस्वती फुयाँल, अधिकृत कमल प्रकाश पौडेल र ज्ञानबहादुर लम्साल तथा सहायक कर्मचारी सरस्वती अधिकारी रहेका थिए । यस आवासीय तालिममा नेपाल वायुसेवा निगम, नेपाल राष्ट्र बैंक, नागरिक लगानी कोष, सानिमा इन्स्योरेन्स लगायत अन्य संस्थाका पदाधिकारीको पनि सहभागिता रहेको थियो । तालिममा सहभागी सबैलाई नेपाल योग इन्स्टिच्युट एण्ड रिट्रिट प्रा.लि.का प्रशिक्षक डा.बालकृष्ण खनालले प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

निगमको मानव संशाधन विभाग अन्तर्गत तालिम, कल्याण तथा यूनियन सम्बन्ध महाशाखाको समन्वयमा निगमका कर्मचारीहरूको मानसिक सशक्तीकरण, कार्यक्षमतामा वृद्धि तथा तनाव व्यवस्थापन क्षमतामा सुधार ल्याउने उद्देश्यसहित तालिममा सहभागिता गराइएको थियो । तालिममा योग, ध्यान तथा सकारात्मक सोच विकाससम्बन्धी व्यवहारिक विषयहरू समावेश गरिएको थियो ।

## सञ्चय कोष र...

निगमका कार्यकारी सञ्चालक अमृतमान श्रेष्ठको नेतृत्वमा गएको टोलीले विशेषगरी निगमले तिर्नुपर्ने कुल ऋण रकम स्पष्ट नभएको, दुई पक्षबीच तथ्यमा एकरूपता नदेखिएको लगायतका विषय उठाएको थियो ।

छलफलका क्रममा ऋण रकम निरन्तर बढ्दै गएकोले बक्यौता रकमको वास्तविकता मिलाएर नयाँ अभिलेख बनाउने, ब्याज मिनाहा वा छुटका सम्भावित विकल्पहरू यकिन गर्ने तथा ऋण तिर्ने तालिका पुनःसमायोजन गर्ने जस्ता विषयहरूमा गम्भीर बहस भएको थियो । छलफल उपलब्धिमूलक र सकारात्मक सुरुवात तथा दुवै ऋणदाता र ऋणी संस्थाबीचको अविश्वास घटाउने, तथ्य–दस्तावेज मिलाउने तथा सहमतिको आधार निर्माण गर्ने महत्त्वपूर्ण अवसरको रुपमा रहेको थियो । निगमले आगामी दिनमा पनि दुबै निकायसँग निरन्तर गहन छलफल गरेर समाधान निकाल्ने योजना बनाएको छ ।

## निगम र पर्यटन बोर्डबिच...

सम्झौताअनुसार पर्यटन प्रवर्द्धन कार्यका लागि यात्रा गर्दा वा त्यस्ता कार्यक्रममा सहभागिताका लागि जाने पदाधिकारी तथा कर्मचारीहरूलाई निगमका गन्तव्यहरूमा विशेष छुटमा हवाई टिकट उपलब्ध गराइनेछ । त्यस्तै, नेपाल पर्यटन बोर्डले आयोजना गर्ने देशभित्र र विदेशमा हुने प्रवर्द्धनात्मक कार्यक्रमहरूमा नेपाल वायुसेवा निगमलाई स्टल उपलब्ध गराउने छ । दुवै संस्थाले आपसी ब्रान्ड प्रमोशन, बजार अभिमुखीकरण, परिचयात्मक भ्रमण र संस्थागत साझेदारीलाई अझ प्रभावकारी बनाउने उद्देश्यका साथ संयुक्त गतिविधि सञ्चालन गर्ने सहमति भएको छ ।

## मानव संशाधन विभाग

### कात्तिक (२०८२)

**राजिनामा**

| क्र.सं. | कर्मचारीहरुको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री चेतलाल रंजित | पाँचौं | सि.जि.इ.ओ |

**अवकाश**

| क्र.सं. | कर्मचारीहरुको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री राजु नाथ नकर्मी | सातौं | बरिष्ठ प्राविधिक अधिकृत |
| २ | श्री श्याम बहादुर थापा | चौथो | सहायक |

### मङ्सिर (२०८२)

**नियुक्ति**

| क्र.सं. | कर्मचारीहरुको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री अभिषेक के.सी | सातौं | ब. प्राविधिक अधिकृत |

**राजिनामा**

| क्र.सं. | कर्मचारीहरुको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री अलिसा नेपाली | पाँचौ | विमान परिचारिका |
| २ | श्री समीर के.सी | पाँचौ | विमान परिचारिक |

**अवकाश**

| क्र.सं. | कर्मचारीहरुको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री सुष्मा श्रेष्ठ वैद्य | छैठौं | ब. विमान परिचारिका |
| | श्री रुपक बज्राचार्य | छैठौं | अधिकृत |
| | श्री मुकुन्द मानन्धर | चौथो | प्राविधिक |

## Internal Audit Department

1. Dang Station Audit completed.
2. Operation Department Audit ongoing.
3. Finance Department Audit ongoing.
4. Human Resources Department Audit ongoing.
5. Marketing Department Audit ongoing.

The Dang station audit has been completed. All other departmental audits are currently in progress in accordance with the approved audit plan.

## Ground Support Department

१. ISAGO Audit प्रमाण पत्र 2026 को नवीकरण गर्नका IATA द्वारा ISAGO Audit मा दुई चरण मा Audit गर्ने नयाँ प्रावधान अनुसार तपसिल बमोजिम Nepal Airlines Ground Service Provider NAC-GSP ISAGO Audit सम्पन्न भएको ।

क) मिति 09 Nov देखि 10 Nov.2025 सम्म Organization and Management (ORM) को Audit सम्पन्न भएको ।

ख) मिति 24 Nov. 2025 देखी 26 Nov.2025 सम्म Station Audit सम्पन्न भएको ।

२. माथि उल्लेखित दुई चरणमा भएका ISAGO Audit बाट भएका Audit Findings को Corrective Action Plan (CAP) approved गराई CAP Submission गरिएको ।

३. NAC-GSP Training Competency & Authorization Manual (TCAM) आवश्यक amendment गरी लागु गरिएको ।

४. नयाँ Ground Support Equipment, Aircraft Pushback Tractor Cat-4, Airport Baggage Tractor खरिदपश्चात् विभागले Ground Handling सेवा प्रवाहमा उपयोग गरिरहेको ।

५. नेपाल सरकारले कतार सरकारललाई उपहार स्वरुप प्रदान गरिएका दुईवटा हात्तीहरूलाई गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट Qatar Airways मार्फत सकुशल/सुरक्षित रूपमा पठाउन आवश्यक Ground Handling सेवाको प्रबन्ध मिलाईएको ।

६. निगमका उडानहरूलाई HKG Station मा Ground Handling सेवा उपलब्ध गराउनका लागि नयाँ GSP HKSATS सँग Agreement भई कार्यान्वयनमा आएको ।

७. निगमका उडानहरूलाई Guangzhou Baiyun International Airport (CAN) मा Ground Handling सेवाका लागि आवश्यक व्यवस्था गर्ने कार्य सम्पन्न भएको ।

## Finance Department

1. Trimester Report (Report to MDAC) from Shrawan to Ashwin end 2082 sent to Corporate Department for submitting to MOCTCA.
2. Foreign Currency Transactions Report for the month of Ashwin 2082 submitted to NRB.


# प्रशिक्षक प्रशिक्षण आधारभूत तालिम सम्पन्न


निगमद्वारा सञ्चालन गरिने विभिन्न प्रकारका तालिमहरुको आयोजना गर्दा आवश्यक पर्ने प्रशिक्षक निगमभित्रै तयार पार्ने उद्धेश्यअनुरुप आधारभूत तालिम Training of Trainers (TOT) सम्पन्न भएको छ । मिति २०८२ मंसिर २७ देखि २९ गतेसम्म निगमको कुलेश्वरस्थित तालिमकेन्द्रमा सञ्चालन भएको उक्त तीन दिनको तालिममा विभिन्न विभागबाट १७ जना कर्मचारीहरु सहभागी भएका थिए । उक्त तालिममा Nepal Management Service (NMS) का अचला दाहाल, उत्तम आचार्य र विनोद कुमार विष्ट प्रशिक्षकको रुपमा रहनुभएको थियो । यस तालिममा तालिमको प्रशिक्षक बन्नका लागि आवश्यक पर्ने आधारभूत विषयहरु समावेश गरिएको थियो । तालिममा सहभागी सबैलाई प्रशिक्षकहरुले प्रमाणपत्र दिँदै तालिम सम्पन्न भएको थियो ।




# 1. Traffic statistics for the month of Kartik-Poush 2082


## International Sector





## Domestic Sector





*Source: Post Flight Information Report*

# 2. Market share of NAC International Sector




*Source: Customer Service Department*

# DUTY ROSTER OF NAC CLINIC DOCTORS

(Effective from 14th November, 2025)

| S.N. | NAME OF DOCTORS | SUNDAY | MONDAY | TUESDAY | WEDNESDAY | THURSDAY | FRIDAY |
|---|---|---|---|---|---|---|---|
| 1. | **Dr. SUBODH KUMAR ADHIKARI**<br>Senior Surgeon<br>NMC : 1095<br>Mobile No. 9851037056 | | 12:00-13:00 | 12:00-13:00 | 12:00-13:00 | | |
| 2. | **Dr. RANJEET S. BARAL**<br>Consultant Cardiologist/AME &<br>General Physician<br>NMC: 1516<br>Mobile No. 9851053577 | 14:00-15:00 | 14:00-15:00 | | | 15:00-16:00 | |
| 3. | **Dr. NANDITA GHIMIREY**<br>Family Medicine<br>NMC: 2784<br>Mobile No. 9841777677 | | 15:00-16 :00 | 14:00-15:00 | 14:00-15:00 | | |
| 4. | **Dr. KAVITA ADHIKARI**<br>Consultant Gynecologist<br>NMC: 3679<br>Mobile No. 9851176411 | 12:00-13:00 | | 15:00-16:00 | 15:00-16:00 | | |
| 5. | **Dr. LOCHAN KARKI**<br>Consultant Physician<br>NMC: 4687<br>Mobile No. 9851056689 | | | 13:00-14:00 | | 14:00-15:00 | 13:00-14:00 |
| 6. | **Dr. GYANENDRA SHAH**<br>Senior Consultant, Orthopedic Surgeon<br>NMC: 4723<br>Mobile No. 9851029425 | | 13:00-14:00 | | | 13:00-14:00 | 12:00-13:00 |
| 7. | **Dr. BISHWA RAJ DAWADI**<br>Consultant Family Physician<br>NMC: 4996<br>Mobile No. 9841226322 | 13:00-14:00 | | 10:00-11:00 | 13:00-14:00 | | |
| 8. | **Dr. SHIVAJI BIKRAM SILWAL**<br>Consultant Cardiologist<br>NMC: 6335<br>Mobile No. 9801022997 | 15:00-16:00 | | | 10:00-11:00 | | 14:00-15:00 |
| 9. | **Dr. ASMITA ARYAL**<br>Consultant, General Practice and<br>Emergency Medicine<br>NMC: 23121<br>Mobile No.9849512493 | 11:00-12:00 | | 11:00-12:00 | 11:00-12:00 | | |

Office Tel: 00977-1-4220757, Ext. 2314 | Sangita Acharya Mob: 9849324963

## Ground Support Department / Cleaning Section

### LOST AND FOUND RECORD SUMMARY

| S.N. | Year | | Found Materials/Goods (in Frequency) | | | | | | | | Tot. | HOV to Airlines | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Months | | Mob | Cam | Mny | ipd/Laptop | PP | Gld | Note | Elx | pcs. | Staff | Crew | Police/security | Paxs | |
| 1 | 2082 | Mangsir | 10 | 3 | 11 | 2 | 1 | 1 | 0 | 28 | 56 | 20 | 25 | 11 | | |
| 2 | 2082 | Poush | 7 | 3 | 3 | 1 | 0 | 0 | 0 | 8 | 22 | 17 | 3 | 2 | | |
| Total | | | 17 | 6 | 14 | 3 | 1 | 1 | 0 | 36 | 78 | 37 | 28 | 13 | | |

**नोट :** उपर्युक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमान स्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छाडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले सम्बन्धित ठाउँमा बुझाएका सामानहरूको हो ।

### Details

Mob: Mobiles
Cam: Different types of movie and still camera/watch.
Mny: Money and wallets

ipd: i-phone, i-pod, i-pad, tablets, Laptop etc.
Gld: Gold and ornaments
Elx: Other electronic appliances/items, games, pendrives, Powr Bank etc.

Hov: Handed over to the related airlines (staff, crew, passengers)
PP: Passport

## Operation Department

### Performance Report of Flights from Kathmandu for the month of Kartik and Mangsir 2082

| Fleet/ Month | 9N-AKW | | 9N-AKX | | 9N-ALY | | 9N-ALZ | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Flight Performance% | Kartik | Mangsir | Kartik | Mangsir | Kartik | Mangsir | Kartik | Mangsir | Kartik | Mangsir |
| Reliability | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% |
| Punctuality | 54% | 67% | 49% | 47% | 53% | 43% | 50% | 38% | 51% | 49% |

# NEPAL AIRLINES CORPORATION
## MARKETING DEPARTMENT
## TRAFFIC AND REVENUE PERFORMANCE OF SCHEDULE FLIGHTS OF DOMESTIC & INTERNATIONAL STATIONS
## AS OF MANGSIR AND POUSH, 2082

| Region | Mangsir 2082 | | | | Poush 2082 | | | | Total in Two Months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Domestic | 3,581 | 21,642,776 | 328,544 | 21,971,320 | 2,341 | 14,235,096 | 90,882 | 14,325,978 | 5,922 | 36,297,298 |
| Domestic Total | 3,581 | 21,642,776 | 328,544 | 21,971,320 | 2,341 | 14,235,096 | 90,882 | 14,325,978 | 5,922 | 36,297,298 |
| KTM-NRT | 2,701 | 212,723,191 | 30,762,495 | 243,485,686 | 2,993 | 213,263,795 | 34,003,655 | 247,267,450 | 5,694 | 490,753,136 |
| NRT-KTM | 2,991 | 204,357,130 | 5,510,000 | 209,867,130 | 3,125 | 201,260,910 | 7,949,400 | 209,210,310 | 6,116 | 419,077,440 |
| KTM-DXB | 3,089 | 115,011,660 | 9,312,615 | 124,324,275 | 3,903 | 128,456,820 | 13,120,475 | 141,577,295 | 6,992 | 265,901,570 |
| DXB-KTM | 3,504 | 50,225,018 | 5,097,954 | 55,322,972 | 3,899 | 60,402,199 | 11,254,886 | 71,657,085 | 7,403 | 126,980,057 |
| KTM-DEL | 6,413 | 65,434,795 | 1,444,992 | 66,879,787 | 6,314 | 54,748,210 | 853,510 | 55,601,720 | 12,727 | 122,481,507 |
| DEL-KTM | 4,877 | 27,182,311 | 1,205,824 | 28,388,135 | 6,034 | 36,350,718 | 1,655,296 | 38,006,014 | 10,911 | 66,394,149 |
| KTM-KUL | 1,831 | 51,904,640 | 732,429 | 52,637,069 | 1,971 | 51,935,240 | 1,318,197 | 53,253,437 | 3,802 | 105,890,506 |
| KUL-KTM | 2,191 | 27,950,902 | 81,462 | 28,032,364 | 2,094 | 26,297,197 | 686,985 | 26,984,182 | 4,285 | 55,016,546 |
| KTM-DOH | 5,686 | 205,245,340 | 7,417,419 | 212,662,759 | 5,801 | 185,038,940 | 3,332,987 | 188,371,927 | 11,487 | 401,034,686 |
| DOH-KTM | 3,803 | 43,493,152 | 1,552,990 | 45,046,142 | 5,118 | 64,863,839 | 3,386,200 | 68,250,039 | 8,921 | 113,296,181 |
| KTM-BKK | 1,840 | 38,665,600 | 582,806 | 39,248,406 | 1,249 | 24,588,985 | 341,850 | 24,930,835 | 3,089 | 64,179,241 |
| BKK-KTM | 1,214 | 43,286,918 | 1,477,280 | 44,764,198 | 910 | 30,901,494 | 930,320 | 31,831,814 | 2,124 | 76,596,012 |
| KTM-HKG | 689 | 5,474,615 | 527,400 | 6,002,015 | 667 | 6,289,845 | 708,840 | 6,998,685 | 1,356 | 13,000,700 |
| HKG-KTM | 459 | 15,811,654 | 2,578,251 | 18,389,905 | 586 | 12,106,680 | 5,478,790 | 17,585,470 | 1,045 | 35,975,375 |
| KTM-BOM | 1,146 | 16,152,190 | 125,735 | 16,277,925 | 1,128 | 13,092,920 | 60,475 | 13,153,395 | 2,274 | 29,431,320 |
| BOM-KTM | 727 | 6,251,367 | 1,002,784 | 7,254,151 | 1,071 | 9,366,583 | 1,023,040 | 10,389,623 | 1,798 | 17,643,774 |
| KTM-BLR | 1,863 | 27,983,295 | 53,325 | 28,036,620 | 1,893 | 26,099,945 | 56,025 | 26,155,970 | 3,756 | 54,192,590 |
| BLR-KTM | 1,063 | 8,195,839 | 700,192 | 8,896,031 | 1,353 | 12,075,849 | 469,184 | 12,545,033 | 2,416 | 21,441,064 |
| KTM- DMM | 968 | 41,620,900 | 25,673 | 41,646,573 | 849 | 32,940,825 | 37,976 | 32,978,801 | 1,817 | 74,625,374 |
| DMM-KTM | 828 | 13,593,008 | 183,960 | 13,776,968 | 911 | 16,949,669 | 146,160 | 17,095,829 | 1,739 | 30,872,797 |
| KTM-BWA-DXB | | | | - | | | | - | - | - |
| KTM-CAN | 858 | 10,358,310 | 14,080 | 10,372,390 | 1,206 | 29,931,170 | - | 29,931,170 | 2,064 | 40,303,560 |
| CAN_KTM | 482 | 3,116,802 | 2,611,871 | 5,728,673 | 1,000 | 14,808,772 | 9,215,424 | 24,024,196 | 1,482 | 29,752,869 |
| **Intl Total** | **49,223** | **1,234,038,637** | **73,001,537** | **1,307,040,174** | **54,075** | **1,251,770,605** | **96,029,675** | **1,347,800,280** | **103,298** | **2,654,840,454** |
| **Grand Total** | **52,804** | **1,255,681,413** | **73,330,081** | **1,329,011,494** | **56,416** | **1,266,005,701** | **96,120,557** | **1,362,126,258** | **109,220** | **2,691,137,752** |

**Note:**
1. Prepared on the basis of data submitted from respective stations.
2. Domestic Revenue includes revenue from operated scheduled flight.
3. International Revenue calculated from operated schedule flights .
4. Charter Flights are not included in above data.

**Source:** PFIR (2082/08/01)